जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २३९ | २०८२ साल बैशाख ०१ गते मंगलवार | Tuesday-14-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## गौर र ईशनाथ जोड्ने लालबकैया नदीको पुल निर्माणमा तीव्रता: स्थानीयमा पलायो खुशीको सञ्चार

*शुभ आरम्भ संवाददाता*
*रौतहट, ३० चैत*

रौतहट जिल्लाको सदरमुकाम गौर र ईशनाथ नगरपालिकालाई जोड्ने लालबकैया नदीमा निर्माणाधीन पुलले लामो समयको पर्खाइपछि गति लिएको छ । विगत एक दशकदेखि विभिन्न प्राविधिक र ठेक्का प्रक्रियाका कारण अलपत्र जस्तै बनेको यो पुलको निर्माण कार्य यस वर्षदेखि भने युद्धस्तरमा अगाडि बढेको पाइएको हो ।

पुल निर्माणमा देखिएको यो उत्साहजनक प्रगतिसँगै यस भेगका हजारौं स्थानीय बासिन्दामा वर्षौंदेखिको सपना साकार हुने आशा पलाएको छ । हाल निर्माण स्थलमा आवश्यक जनशक्ति र उपकरणको परिचालन गरी धमाधम काम भइरहेको छ ।

रुलालबकैया नदीमा पुल नहुँदा ईशनाथ र गौरका बासिन्दाले वर्षायाममा निकै कष्ट भोग्दै आएका छन् । सामान्य कामका लागि पनि ज्यान जोखिममा राखेर डुङ्गाको सहारामा नदी तर्नुपर्ने वा लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता अब छिट्टै अन्त्य हुने देखिएको छ। रुनिर्माण कार्यको वर्तमान गतिबारे स्थानीयहरू भन्छन्: पहिले त पुल बन्छ भन्ने आशै मरिसकेको थियो, तर अहिले कामको रफ्तार देख्दा खुशी लागेको छ । यदि यही गतिमा काम भयो भने आगामी केही समयभित्रै हामी आफ्नै पुलबाट आउजाउ गर्न पाउनेछौं । रुयो पुल केवल भौतिक संरचना मात्र नभई यस क्षेत्रको आर्थिक मेरुदण्डका रूपमा हेरिएको छ । पुल



सम्पन्न भएपछि:

गौर र ईशनाथ बीचको व्यापारिक सम्बन्ध बलियो हुनेछ र कृषि उपजले उचित बजार पाउनेछ । दुई नगरबीचको दूरी उल्लेख्य रूपमा घट्नेछ, जसले गर्दा इन्धन र समय दुवैको बचत हुनेछ । ईशनाथका बासिन्दालाई उच्च शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवाका लागि सदरमुकाम गौर पुग्न सहज हुनेछ ।

रुविगतमा ठेकदारको लापरबाही र प्राविधिक कठिनाइका कारण पटक-पटक म्याद थपिँदै आएको यो आयोजनालाई अब तोकिएको समयभित्रै सम्पन्न गर्न स्थानीय प्रशासन र सरोकारवाला निकायले पनि निगरानी बढाएका छन् । निर्माण कम्पनीले पनि अनुकूल मौसमको फाइदा उठाउँदै मुख्य संरचनाका कामहरूलाई प्राथमिकता दिएको छ । रुलालबकैयाको यो पुल निर्माण सम्पन्न भएसँगै रौतहटको दक्षिणी भेगको कनेक्टिभिटीमा ठूलो क्रान्ति आउने र यसले समग्र जिल्लाको समृद्धिका लागि नयाँ ढोका खोल्ने विश्वास लिइएको छ ।

## मधेश प्रदेशको मुख्यमन्त्री आवास योजनामा बेथिति: न्यून गुणस्तरको सामग्री प्रयोग गरिँदै, नियामक निकाय मुकदर्शक

*शुभ आरम्भ संवाददाता*
*रौतहट, ३० चैत*

मधेश प्रदेश सरकारको गौरवकारी योजनाको रूपमा रहेको मुख्यमन्त्री आवास योजना (साविकको दलित आवास/निधि आवास योजना) अन्तर्गत रौतहटमा निर्माणाधीन घरहरूमा व्यापक अनियमितता भएको पाइएको छ। जिल्लाको यमुनामाई गाउँपालिका वडा नं. ४ सअठामा निर्माण भइरहेका आवासहरूमा न्यून गुणस्तरको निर्माण सामग्री प्रयोग भएको भन्दै स्थानीयले गम्भीर आपत्ति जनाएका छन् ।

विपन्न, दलित तथा घरविहीन परिवारलाई सुरक्षित ओत प्रदान गर्ने लक्ष्यका साथ ल्याइएको यो महत्वाकांक्षी योजनामा ठेकेदार र सम्बन्धित कर्मचारीको मिलोमतोमा घटिया सामग्री प्रयोग भइरहेको स्थानीयको आरोप छ । स्थानीयका अनुसार निर्माणाधीन घरहरूमा कमसल दर्जाको इँटा, बालुवा र सिमेन्टको प्रयोग भइरहेको छ । सरकारले गरिबका लागि घर बनाइदिएको हो कि काल? एक स्थानीयले आक्रोश पोख्दै भने प्रयोग गरिएका इँटाहरू हातले छुँदा झर्ने खालका छन् । सिमेन्ट र बालुवाको मिश्रणमा पनि मापदण्ड पालना गरिएको छैन । यस्तो घरले भोलि सामान्य प्राकृतिक विपत्ति पनि धान्न सक्दैन ।



सरकारी मापदण्ड अनुसार आवास निर्माण गर्दा सुरक्षित र दिगो संरचना बनाउनुपर्ने प्रावधान छ। तर सअठामा भइरहेको निर्माण कार्यले उक्त मापदण्डको ठाडो उल्लंघन गरेको देखिन्छ ।

विकास निर्माणको कामलाई नियमन गर्ने र प्राविधिक सुपरीवेक्षण गर्ने मुख्य जिम्मेवारी पूर्वाधार विकास कार्यालयको हो । तर निर्माणस्थलमा प्राविधिक कर्मचारीहरूको उपस्थिति शून्य रहेको र उनीहरूकै लाचारीका कारण ठेकेदारले मनपरी गर्ने मौका पाएको दाबी गरिएको छ ।

निर्माण कार्यको गुणस्तर जाँच गर्नुपर्ने इन्जिनियर र ओभरसियरहरूले अनुगमन नगरी नै भुक्तानीको प्रक्रिया अगाडि बढाउने गरेको आशंकामा स्थानीयले सरकारी रकमको दुपयोग भइरहेको बताए । नियमनकारी निकाय मौन बस्नुले अनियमिततामा माथिल्लो तहकै संरक्षण रहेको हुनसक्ने सरोकारवालाहरूको भनाइ छ ।

यो घटना सार्वजनिक भएपछि स्थानीय सरोकारवालाहरूले तत्काल उच्चस्तरीय छानबिनको माग गरेका छन् । गरिबका नाममा आउने बजेटमाथि भ्रष्टाचार हुनु अमानवीय कार्य भएको भन्दै दोषी ठेकेदार र

बाँकी तेश्रो पृष्ठमा

## धोबीनी गाउँपालिकाको अध्यक्षमा युवा नेता सुदिल पटेलको चर्चा : ५ वर्षमै समृद्ध बनाउने स्पष्ट योजना

*राजन कुमार बानिया*
*पर्सा, ३० चैत*

"गाउँ बलियो भए देश बलियो हुन्छ" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै पर्साको धोबीनी गाउँपालिकाको समग्र विकासका लागि एक सशक्त, स्पष्ट र दूरदर्शी योजना सार्वजनिक भएको छ । युवा सोच, ऊर्जाशील नेतृत्व र स्पष्ट ख्क्ष्यल सहित युवा नेता सुदिल पटेल गाउँपालिकाको अध्यक्ष पदका लागि चर्चामा आएका छन् । उनले प्रस्तुत गरेको योजनाले स्थानीय विकासलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।




सुदिल पटेलका अनुसार विकास केवल सडक, भवन र भौतिक संरचनामा सीमित रहने विषय होइन, बरु जनताको जीवनस्तर सुधार गर्ने समग्र प्रक्रिया हो । यही सोचका साथ उनले विकासका बहुआयामिक पक्षहरू समेटिएको दीर्घकालीन योजना अघि सारेका छन् ।

पूर्वाधार विकास पहिलो प्राथमिकता

उनले गाउँपालिकाको दिगो विकासका लागि सबैभन्दा पहिले पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । सहज सडक सञ्जाल, सुरक्षित पुल, व्यवस्थित ढल निकास प्रणाली तथा प्रभावकारी यातायात व्यवस्थापनले गाउँलाई शहरसँग जोड्ने मात्र नभई शिक्षा, स्वास्थ्य र व्यापार क्षेत्रमा समेत ठूलो परिवर्तन ल्याउने विश्वास व्यक्त गरिएको छ ।

कृषि आधुनिकीकरणमा जोड

धोबीनी गाउँपालिकाको मुख्य आधार कृषि भएकाले यसलाई आधुनिक र व्यावसायिक बनाउने लक्ष्य लिइएको छ । आधुनिक प्रविधिको प्रयोग, सिंचाइ सुविधा विस्तार, गुणस्तरीय बीउ तथा मलको उपलब्धता र बजार व्यवस्थापनमा विशेष ध्यान दिइने योजना छ । किसानलाई तालिम तथा प्राविधिक सहयोग प्रदान गरेर गाउँमै रोजगारी सिर्जना गर्ने र युवाहरूको विदेश पलायन रोक्ने उद्देश्य राखिएको छ ।

शिक्षा र स्वास्थ्यमा सुधार

गुणस्तरीय शिक्षा र सुलभ स्वास्थ्य सेवा विकासको आधारस्तम्भ भएको भन्दै प्रत्येक वडामा आधुनिक विद्यालय, दक्ष शिक्षक र सुदृढ स्वास्थ्य चौकीको व्यवस्था गर्ने योजना प्रस्तुत

बाँकी तेश्रो पृष्ठमा

## बारामा एसईई उत्तरपुस्तिका परीक्षण सम्पन्न : नतिजा चाँडै सार्वजनिक हुने तयारी

*शु.आ. सम्बाददाता*
*बारा, ३० चैत*

बारा जिल्लामा यस वर्ष सञ्चालन गरिएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को उत्तरपुस्तिका परीक्षण कार्य सफलतापूर्वक सम्पन्न भएको छ । शिक्षा विकास तथा समन्वय इकाइ बाराका अनुसार जिल्लाभरिका सबै विषयहरूको उत्तरपुस्तिका परीक्षण स्थानीयस्तरमै सम्पन्न गरिएको हो, जसले नतिजा प्रकाशन प्रक्रियालाई थप छिटो बनाउने अपेक्षा गरिएको छ ।

इकाइका निमित्त प्रमुख अशोक कुमार रौनियारका अनुसार परीक्षण गरिएका सम्पूर्ण उत्तरपुस्तिकाको नतिजा प्रमाणीकरण गरी सोमबार राष्ट्रिय परीक्षा बोर्डमा बुझाइएको छ। उनले परीक्षण कार्य निर्धारित समयमै सम्पन्न भएको र यसले नतिजा प्रकाशनमा सहजता ल्याउने विश्वास व्यक्त गरे ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमन्त पोखरेलले पदभार सम्हालेपछि एसईईको नतिजा एक महिनाभित्र सार्वजनिक गर्ने निर्देशन दिएका थिए । सोही निर्देशन कार्यान्वयन गर्न राष्ट्रिय परीक्षा बोर्डले परीक्षा केन्द्रबाटै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाएको थियो । यस व्यवस्थाले परीक्षण कार्यलाई छिटो, व्यवस्थित र प्रभावकारी बनाएको सम्बन्धित




अधिकारीहरूको भनाइ छ ।

यस वर्ष बाराबाट साधारण नियमिततर्फ ८ हजार ३ सय ७७ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् । त्यसैगरी, २०८० र २०८१ सालका ग्रेड वृद्धितर्फ १ हजार ९ सय ३३ जना तथा २०७९ सालका ग्रेड वृद्धितर्फ ६६ जना परीक्षार्थी सहभागी भएका छन् ।

प्राविधिक धारतर्फ नियमिततर्फ ३ सय ७५ र ग्रेड वृद्धितर्फ ६३ जना गरी कुल ४ सय ३८ जना विद्यार्थीले परीक्षा दिएका छन् ।

यसरी हेर्दा जिल्लाभरबाट कुल १० हजार ८ सय १३ जना परीक्षार्थी यस वर्षको एसईई परीक्षामा सहभागी भएका छन् ।

जिल्लामा सञ्चालन भएका परीक्षामा १०२ सामुदायिक तथा ५३ संस्थागत विद्यालयका विद्यार्थीहरू सहभागी भएका थिए । सबै विद्यालयका उत्तरपुस्तिका परीक्षण कार्य सम्पन्न गरी सम्बन्धित निकायमा बुझाइसकिएको इकाइले जनाएको छ । एसईई परीक्षा मर्यादित, व्यवस्थित र सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने केन्द्राध्यक्ष, सह-केन्द्राध्यक्ष, शिक्षक, कर्मचारी तथा सम्पूर्ण सरोकारवालाप्रति प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र र इकाइ प्रमुख अशोक कुमार रौनियारले धन्यवाद ज्ञापन गरेका छन् ।

समग्रमा, यस वर्ष बारामा एसईई परीक्षा व्यवस्थापन र उत्तरपुस्तिका परीक्षण कार्य समयमै सम्पन्न भएकाले नतिजा चाँडै सार्वजनिक हुने अपेक्षा गरिएको छ, जसले विद्यार्थी र अभिभावकमा उत्साह थप्ने विश्वास गरिएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# विज्ञापनको चुहावट रोक्ने हो, मूल थुन्ने होइन

सरकारी विज्ञापन वितरणमा स्वच्छता र शुद्धताको बाटो नरोजेर सरकारले निजी मिडियालाई विज्ञापन नै नदिने नीति अख्तियारपछि ठूलो उथलपुथल सिर्जना भएको छ । सरकारी सञ्चारमाध्यममा मात्र अर्बौं रूपैयाँका सूचना, विज्ञापन दिने सरकारको अव्यावहारिक पत्राचारले मिडिया क्षेत्र तातेको छ । अहिलेलाई गोरखापत्रसहित सरकारी सीमित सञ्चारमाध्यम भनिए पनि पछि क्रमशः कुनै पनि सञ्चारमाध्यमलाई विज्ञापनै नदिन खोजिएको त होइन भन्ने आशंकासमेत बढाएको छ ।

डिजिटल माध्यममार्फत त्यस्ता विज्ञापन दिने तयारी स्वरुप यस्तो प्रयास त भएको होइन ? यदि त्यस्तो उद्देश्य बोकेको भए के निजी, के सरकारी सबै सञ्चारमाध्यम सुक्ने त होइनन् ? त्यस्तो अवस्था सिर्जना भएमा जनताको सुसूचित हुने अधिकार र सरकारको उपस्थिति कस्तो होला भन्ने गम्भीर प्रश्नहरु यतिबेला उब्जेका छन् । सरकारको यो अलोकप्रिय निर्णयले मिडिया क्षेत्रलाई गम्भीर संकटतर्फ धकेलिएको छ । अझ यसलाई संस्थागत बनाउन सार्वजनिक खरिद ऐन नै संशोधन गरेर विज्ञापन प्रकाशन अनिवार्य नराख्ने तयारीले स्थिति थप चिन्ताजनक बनाएको छ । यस्तो नीतिले निजी सञ्चारमाध्यमको आर्थिक आधार कमजोर बनाउने मात्र होइन, लोकतन्त्रको मूल आधारमाथि नै प्रहार गर्ने खतरा बढाएको छ । लोकतन्त्रमा सञ्चारमाध्यमले नै खास प्रतिपक्षको भूमिका निर्वाह गरेका हुन्छन् । अहिलेको परिवर्तित नयाँ सरकार स्थापनाको जगमा समेत सञ्चार क्षेत्रले अतुलनीय योगदान पुऱ्याएको कसैले बिर्सनु हुँदैन । नेपालका निजी मिडियाहरुले यसपटक मात्र होइन, विगतका राजनीतिक परिवर्तनहरुमा अग्रणी भूमिका खेलेका छन् । जनआन्दोलनदेखि संविधान निर्माणसम्म, उनीहरुले नागरिकको आवाजलाई बुलन्द बनाए, सत्तालाई खबरदारी गरे र लोकतन्त्रलाई संस्थागत बनाउन योगदान दिए । तर, आज तिनै मिडियाहरु आर्थिक संकटको संघारमा पुगेका छन् । कोभिड-१९ पछि निजी क्षेत्रबाट आउने विज्ञापन लगभग शून्यजस्तै भएको अवस्थामा सरकारी विज्ञापन नै धेरै सञ्चारमाध्यमको मुख्य आयस्रोत बनेको छ । यस्तो अवस्थामा सरकारी विज्ञापनमा एकाधिकार कायम गर्नु भनेको निजी मिडियालाई क्रमशः बन्द हुने अवस्थामा पुऱ्याउनु हो । सरकारको यो कदम पहिलो दृष्टिमै गलत छ । यसलाई सच्याउनुको विकल्प रहँदैन ।

सरकारको यो निर्णय हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको छ । त्यसैले अबको आशा न्यायालयतर्फ केन्द्रित भएको छ । अदालतले यदि प्रेस स्वतन्त्रताको संवैधानिक मर्म राज्यलाई बुझाउन सक्यो भने मिडिया क्षेत्रलाई केही राहत मिल्न सक्छ । कदाचित त्यसो हुन सकेन भने नेपाली मिडिया संरचनात्मक रुपमा कमजोर हुने निश्चित छ । त्यसको दीर्घकालीन असर केवल सञ्चार क्षेत्रमै सीमित रहने छैन, यसले लोकतन्त्रको स्वास्थ्यमा नै गम्भीर प्रश्न उठाउनेछ । अदालतप्रति जनताको भरोसा र गम्भीर त्रुटि सच्याउन सदैव अग्रसर न्यायालयका कारण नागरिकको सुसूचित हुने हक कायमै हुनेमा विगतमा जस्तै मिडिया क्षेत्र विश्वस्त देखिन्छ ।

प्रेस स्वतन्त्रता केवल मिडियाको अधिकार मात्र होइन, नागरिकको मौलिक अधिकार हो । संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता तब मात्र सार्थक हुन्छ, जब सूचना विविध माध्यममार्फत नागरिकसम्म सहज रुपमा पुग्छ । यदि सूचना प्रवाह एक वा सीमित सरकारी मिडियामा केन्द्रित गरियो भने सूचनाको पहुँच साँघुरिन्छ, विविधता हराउँछ र अन्ततः राज्यनियन्त्रित सूचना प्रणाली हावी हुन सक्छ ।

# लोकप्रियताको लहर, विभाजनको कहर



**सुनीलजित श्रेष्ठ**

विश्व राजनीति अहिले निकै बदलिँदो अवस्थामा छ । पुराना 'वाद' र 'सिद्धान्त' हरू बिस्तारै हराउँदैछन् । अहिले परिणाममा आधारित राजनीतिको ठूलो लहर छ । यसलाई 'पपुलिस्ट राजनीति' वा लोकप्रियतावाद भनिन्छ । यो लहरले परम्परागत राजनीतिलाई विस्थापित गर्दैछ । अमेरिकाबाट सुरु भएको यो तुफान नेपाल पस्यो । पपुलिज्म शब्द अहिले निकै प्रचलित भइरहेको छ । आखिर यो पपुलिज्म भनेको के हो त ? यो एउटा राजनीतिक शैली वा रणनीति हो । के हो पपुलिज्म ? : विद्वान्हरूले पपुलिज्मलाई फरक ढंगले परिभाषित गरेका छन् । कास मुड्डेले यसलाई आंशिक विचारधारा मान्छन् । राजनीतिशास्त्री मुलरका आफ्नै रोचक धारणा छन् । उनले समाजलाई दुई शत्रुतापूर्ण कित्तामा बाँडे । एउटा 'शुद्ध जनता' र अर्को 'भ्रष्ट एलिट' हुन् । पपुलिज्मले विभाजनमार्फत नै शक्ति आर्जन गर्छ । यो लहर कुनै आकस्मिक परिघटना भने होइन । १९औं शताब्दीमा जन्मिएको विचार अहिले मौलायो । सन् १८९० को दशकमा अमेरिकामा यो देखियो ।

त्यहाँ 'पपुलिसट पार्टी'को औपचारिक उदय भयो । अमेरिकी किसानहरू चर्को आर्थिक संकटमा फसेका थिए । पपुलिस्टहरूले यही खाडललाई राजनीतिक हतियार बनाए । उनीहरूले तल्लो वर्गको अपार समर्थन प्राप्त गरे । तर, उनीहरू संरचनात्मक परिवर्तनमा केन्द्रित भएनन् । उनीहरूले केवल तत्कालीन लोकप्रिय मुद्दाहरू मात्र उठाए । अन्ततः यो शक्ति डेमोक्र्याट पार्टीमा विलीन भयो । पपुलिस्ट राजनीतिको जरा निकै पुरानो र रोचक छ । यो सन् १८६० को दशकमा रुसमा देखिएको थियो ।

इतिहासको ऐनामा पपुलिज्म : यसलाई रुसमा 'नारोदनिक मुभमेन्ट' भनिन्थ्यो । नारोदनिकहरू आफैं सम्भ्रान्त वर्गका मानिसहरू थिए । उनीहरूले किसान र मजदुरको मुक्तिको कुरा गरे । उनीहरूले जार शासनविरुद्ध मोर्चाबन्दी गरेका थिए । उनीहरूले 'जनतातिर फर्क' भन्ने नारा दिए । उनीहरूले किसानलाई 'शुद्ध' शक्तिको रूपमा देखाए । शासकलाई उनीहरूले 'परम शत्रु'को रूपमा चिनाए । यसले समाजमा 'हामी र उनीहरू'को बीउ रोप्यो । ल्याटिन अमेरिकामा पनि यो लहर निकै झाँगियो ।

अर्जेन्टिनामा हुआन पेरनले यसको सफल प्रयोग गरे । उनले मजदुर र सम्भ्रान्तबीच शत्रुता सिर्जना गरे । ब्राजिलमा गेटुलियो भार्गासले नयाँ प्रयोग गरे । उनले आफूलाई 'गरिबको मसिहा' घोषणा गरे । उनले पुराना राजनीतिक शक्तिहरूलाई कडा चुनौती दिए । २०औं शताब्दीमा पपुलिज्मले भयावह रूप लियो । सन् १९१९ मा मुसोलिनीले राष्ट्रवादको कार्ड खेले । उनले पुराना दलहरूलाई 'भ्रष्ट' र 'असक्षम' भने । 'म मात्रै जनताको प्रतिनिधि हुँ' भन्ने भाष्य बनाए ।

तानाशाहीतर्फको यात्रा : मुसोलिनीको सिको गर्दै जर्मनीमा हिटलरको उदय भयो । उनले 'आर्य श्रेष्ठता'को कडा नारा दिए । बेरोजगारी अन्त्य गर्ने ठूला पपुलिस्ट बाचाहरू गरे । जनताको मस्तिष्कमा उनले भ्रमको खेती गरे । इतिहास हेर्दा पपुलिज्मले सुरुमा चमत्कार नै गर्छ । तर, पछि यो तानाशाहीको बाटोमा जान्छ । यसले देशमा आर्थिक र राजनीतिक संकट ल्याउँछ । समाजमा विभाजनको निकै गहिरो पीडा हुन्छ । यी परिघटनाहरू विश्वका लागि ठूलो पाठ हुन् ।

सुधारका लागि पपुलिस्ट नारा मात्र पर्याप्त हुँदैन । यसका लागि सशक्त र वैज्ञानिक विचार चाहिन्छ । २१औं शताब्दीमा यो राजनीति झन् परिष्कृत भयो । सन् २०१६ मा ट्रम्पको उदयले सबैलाई झस्कायो । उनले रोजगारी गुमाएका मजदुरको आक्रोशलाई बुझे । 'अमेरिकन फस्ट' भन्दै उनले भावनासँग खेले । ट्रम्पले तथ्यभन्दा बढी भ्रमलाई हतियार बनाए । यसले अमेरिकी समाजलाई डरलाग्दो रूपमा विभाजित गर्यो । अहिले त्यहाँ सामाजिक र पारिवारिक दरार बढेको छ । पुँजीवाद र संकटको समाजशास्त्र : युरोपका धेरै देशमा यस्तै लहर देखिएको छ । हंगेरी, इटाली र नेदरल्यान्ड्समा यो व्याप्त छ । उनीहरूले धर्म, संस्कृति र पहिचानलाई एजेन्डा बनाए । बुद्धिजीवी र विज्ञहरूलाई 'एलिट' भन्दै बदनाम गरे । सबै समस्याको जड 'भ्रष्ट सम्भ्रान्त'लाई देखाइयो । राजनीतिशास्त्री लाक्लाउले यसलाई 'खाली झोला' भनेका छन् । पपुलिस्टहरूले जनताको हरेक असन्तुष्टिलाई हतियार बनाउँछन् । समाजशास्त्र अनुसार उनीहरूले 'अदरिङ'को सहारा लिन्छन् । यसले केही समूहलाई 'शत्रु' देखाउने काम गर्छ ।

यसले समाजलाई केवल दुई भागमा मात्र बाँड्दैन । बरु एउटा समूहलाई पूरै अमानवीयकरण गर्छ । मार्क्सवादीहरू यसलाई पुँजीवादको संकट' को रूपमा हेर्छन् । उदारवादी लोकतन्त्रले आर्थिक न्याय दिन सकेन । समान अवसर नपाउँदा मानिसहरू मुक्तिदाता खोज्दै हिँडे । सन् २००८ को मन्दीले राज्यलाई कमजोर बनायो । नागरिकले राज्य मुट्ठीभर एलिटको मात्रै ठाने । यही शून्यतामा पपुलिस्टहरूले 'अल्गोरिदम'को प्रयोग गरे । मोबाइलको स्क्रिनमा आक्रोशका कुरा मात्र देखिन थाले ।

नेपाली राजनीतिमा पपुलिज्म : तथ्य र सत्य ओझेलमा पर्न थाले । केवल 'सेन्टिमेन्ट' वा भावना मात्र प्रधान भयो । नेपालमा राजा महेन्द्रले यसको सुरुवात गरे । 'विकासको मूल फुटाऊ' जस्ता नाराहरू उनले दिए । महेन्द्रले पपुलिज्मलाई सिधै राष्ट्रवादसँग जोडिदिए । उनको नक्कल गर्दै केपी ओलीले राजनीति गरे । सिद्धान्ततः मार्क्सवादी भए पनि उनी दक्षिणपन्थी बने । उनी उग्रराष्ट्रवादी मार्गमा हिँड्न निकै रुचाउँछन् । 'सुखी नेपाली'को नारा दिएर शून्यता भर्न खोजे ।

ओलीले ठोरीमा राम जन्मेको रोचक दलिल पेस गरे । यसलाई समाजशास्त्रीहरू 'सांस्कृतिक पुँजी' आर्जन भन्छन् । त्यस्तै, रवि लामिछानेले मिडियाको ग्ल्यामर प्रयोग गरे । उनले पुराना दललाई 'भ्रष्ट' र 'लुटेरा' भने । जनताको आक्रोशलाई उनले भोटमा बदल्न सके । तर, पपुलिज्मलाई 'अभेद्य' बनाउने श्रेय बालेनलाई जान्छ । उनले वैदेशिक रोजगारको मुद्दालाई निकै भावनात्मक बनाए । सामाजिक सञ्जालमा उनले घृणा र आक्रोश पोखे ।

प्रणाली सुधार कि सस्तो नारा ? : आफूलाई पवित्र र अरूलाई चोर भन्ने भाष्य बन्यो । यसले उनलाई 'करिस्म्याटिक' छवि बनाउन मद्दत गऱ्यो । तर, यसमा पुराना दलको विफलता पनि जिम्मेवार छ । दशकौंदेखिको कुशासनले जनतामा ठूलो आक्रोश थियो । सिन्डिकेट र बेरोजगारीले विस्फोटको अवस्था सिर्जना गऱ्यो । पपुलिस्टहरूले त्यही आक्रोशलाई 'इग्नाइट' मात्र गरेका हुन् । तर, विश्वको इतिहास अलि फरक र तितो छ । पपुलिस्टहरू कालान्तरमा आफैं नयाँ सम्भ्रान्त बन्न पुग्छन् । उनीहरूले आफूलाई अदालत र संसद्भन्दा माथि राख्छन् । यो प्रवृत्तिले अन्ततः अधिनायकवादतर्फ नै लैजान्छ । अहिलेको जनमत एउटा अवसर र चुनौती दुवै हो । यसलाई प्रणाली र संस्थागत सुधारमा लगाउनुपर्छ । तल्लो वर्गको आधारभूत आवश्यकताहरू अब पूरा हुनुपर्छ । तर, घृणाको राजनीतिले समाजलाई त्रासदीपूर्ण खाडलमा जाक्छ । सामाजिक सञ्जालमा अहिले हिंसाका स्वरूपहरू देखिन थालेका छन् । फरक विचार राख्नेमाथि भौतिक आक्रमणको धम्की दिइन्छ ।

निष्कर्षमा समृद्धिको साझा मार्गचित्र : नयाँ राजनीतिक शक्तिहरूले सस्तो लोकप्रियतामा मात्रै अल्झनु हुँदैन । पपुलिज्मलाई लोकतन्त्र सुदृढीकरणको वास्तविक माध्यम बनाउनुपर्छ । सामाजिक विभाजन रोक्न अब कत्ति पनि ढिला गर्नु हुँदैन । राज्यका संस्थाहरूलाई न्यायिक, समावेशी र जिम्मेवार बनाउनुपर्छ । कुनै व्यक्तिको 'मुड' वा लहडमा देश चल्नु हुँदैन । विधिको शासन नै लोकतन्त्रको सबैभन्दा ठूलो आधार हो । लोकप्रियताको उन्मादमा संस्थागत प्रणाली भत्कनु हुँदैन । इतिहासले सिकाएको यो पाठ निकै महँगो र महत्वपूर्ण छ । घृणाको जगमा उभिएको राजनीति धेरै समय टिक्दैन । नागरिकका आधारभूत समस्याको वैज्ञानिक र दीर्घकालीन समाधान खोज्नुपर्छ । शिक्षा, स्वास्थ्य र रोजगारमा ठोस कामको खाँचो छ । सामाजिक सञ्जालको भिडभन्दा पनि विवेकको प्रयोग गरौं । विभाजनको रेखा कोर्नेभन्दा एकताको नयाँ सूत्र खोजौं । तानाशाहीको बाटोबाट देशलाई जोगाउन हामी सचेत हुनुपर्छ । विधिको शासनले मात्रै समृद्धिको वास्तविक बाटो खोल्छ । नयाँ पुस्ताले अधिकारका लागि फेरि अर्को आन्दोलन गर्नु नपरोस् । अबको यात्रा प्रणाली र संस्थागत सुधारतर्फको होस् । सस्तो नाराभन्दा दिगो नतिजा दिने संकल्प गरौं । पपुलिज्मले सिर्जना गरेको शून्यतालाई न्यायले भरौं । साझा भविष्यका लागि सबैको सहभागिता सुनिश्चित गरौं ।

लोकप्रियताको यो लहरलाई देश विकासको बलियो आधार बनाऔं । हामीलाई विभाजन होइन, अब वास्तविक रुपान्तरणको खाँचो छ । विधिको शासनले मात्र भविष्य सुनिश्चित गर्छ । हामीले पुराना गल्तीबाट पाठ सिक्नै पर्छ । आवेशको राजनीतिले सधैं विध्वंस मात्र निम्त्याउँछ । त्यसैले संयम र बुद्धिमानीपूर्वक अगाडि बढौं । लोकतन्त्रको सुन्दरता नै विधिको शासन हो ।




## अन्तराष्ट्रिय समाचार

# इरानमा १६०० बढी मृत्युदण्ड

*एजेन्सी-* इरानमा सन् २०२५ मा मृत्युदण्डको प्रयोग चिन्ताजनक रूपमा तीव्र भएको पाइएको छ । दुई अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाका अनुसार उक्त वर्ष कम्तीमा एक हजार ६३९ जनालाई मृत्युदण्ड दिइएको छ । यो सन् १९८९ पछिकै उच्च सङ्ख्या हो र यसले राज्यद्वारा दमनको औजारका रूपमा मृत्युदण्ड प्रयोग भइरहेको संकेत गरेको छ ।



नर्वेमा आधारित इरान मानव अधिकार (आइएचआर) र पेरिसस्थित टुगेदर एगेन्स्ट द डेथ पेनाल्टी (इसिपिएम) ले सार्वजनिक गरेको संयुक्त प्रतिवेदनअनुसार यो सङ्ख्या अघिल्लो वर्ष २०२४ को तुलनामा ६८ प्रतिशतले बढी हो । सन् २०२४ मा ९७५ जनालाई मृत्युदण्ड दिइएको थियो । मृत्युदण्ड दिइएकामध्ये ४८ जना महिला पनि रहेका छन् । यो पछिल्लो दुई दशकयताकै उच्च सङ्ख्या हो ।

प्रतिवेदनले उल्लेख गरेअनुसार दैनिक औसत चारभन्दा बढी व्यक्तिलाई फाँसी दिइएको देखिन्छ, र यो तथ्याङ्क 'न्यूनतम अनुमान' मात्र भएको जनाइएको छ, किनभने धेरै घटनाहरू आधिकारिक रूपमा सार्वजनिक हुँदैनन् । आइएचआरले मृत्युदण्ड पुष्टि गर्न दुई स्वतन्त्र स्रोत आवश्यक पर्ने नीति अपनाउँदै आएको छ ।

विश्लेषकहरूका अनुसार सन् २०२५ को यो वृद्धि केवल आपराधिक कारबाही मात्र नभई राजनीतिक सन्देश पनि हो । आइएचआरका निर्देशक महमुद अमीरी-मोघद्दमले भने, 'दैनिक चारदेखि पाँच मृत्युदण्डमार्फत डरको वातावरण सिर्जना गरेर सरकारले सम्भावित विरोधलाई दबाउने प्रयास गरेको देखिन्छ ।'

प्रतिवेदनले जनवरी २०२६ मा भएको विरोध प्रदर्शनपछि अवस्था झनै गम्भीर बन्न सक्ने चेतावनी दिएको छ । अधिकारकर्मीहरूका अनुसार सयौँ प्रदर्शनकारीहरू हिरासतमा छन् र उनीहरूलाई गम्भीर आरोप लगाएर मृत्युदण्डसम्मको जोखिममा राखिएको छ । यसअघि पनि त्यस्ता प्रदर्शनहरू कडा दमनका साथ नियन्त्रण गरिएको र हजारौँ मानिस मारिएको तथा दशौँ हजार पक्राउ परेका दाबी गरिएको छ ।

फेब्रुअरी २८ देखि सुरु भएको इजरायल र अमेरिकाविरुद्धको युद्धकै क्रममा पनि इरानले मृत्युदण्डको प्रक्रिया रोकेको छैन । प्रतिवेदनअनुसार जनवरीको विरोधसँग सम्बन्धित सात जनालाई फाँसी दिइएको थियो, जसमा प्रतिबन्धित विपक्षी समूह 'पिपुल्स मुजाहिदीन अफ इरान' का सदस्यहरू र एक दोहोरो इरानी-स्विडिस नागरिकसमेत परेका छन् ।

इसिपिएमका कार्यकारी निर्देशक राफेल चेनुइल-हाजानले मृत्युदण्डलाई 'राजनीतिक नियन्त्रणको औजार' का रूपमा प्रयोग गरिएको आरोप लगाए।

उनका अनुसार विशेषगरी कुर्द र बलुचजस्ता जातीय तथा धार्मिक अल्पसङ्ख्यकहरू यसबाट असमान रूपमा प्रभावित भएका छन् ।

मृत्युदण्ड दिइएकामध्ये करिब आधा व्यक्तिहरू लागुऔषधसम्बन्धी अपराधमा दोषी ठहरिएका थिए । महिला मृत्युदण्डको सन्दर्भमा ४८ मध्ये २१ जना आफ्ना पति वा मङ्गेतरको हत्या अभियोगमा दोषी ठहरिएका थिए । अधिकार समूहहरूले तीमध्ये धेरै महिला हिंसात्मक वा दुर्व्यवहारपूर्ण सम्बन्धमा रहेको दाबी गरेका छन् ।

प्रतिवेदनले सन् २०२५ मा सार्वजनिक फाँसीको सङ्ख्या पनि बढेको उल्लेख गरेको छ । अधिकांश मृत्युदण्ड जेलभित्रै कार्यान्वयन गरिए पनि सार्वजनिक रूपमा दिइने फाँसी तीन गुणा बढेर ११ पुगेको छ ।

इरानको कानूनले मृत्युदण्डका विभिन्न तरिका अनुमति दिए पनि पछिल्ला वर्षहरूमा सबैजसो सजाय फाँसीमार्फत कार्यान्वयन हुँदै आएको छ ।

मानवअधिकार सङ्गठनहरूका अनुसार इरान विश्वमै प्रतिव्यक्ति आधारमा सबैभन्दा बढी मृत्युदण्ड दिने मुलुकमध्ये एक हो । दोस्रो स्थानमा चीन पर्ने दाबी गरिएको छ, यद्यपि चीनका तथ्यांकहरू सार्वजनिक रूपमा उपलब्ध छैनन् ।

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरुवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

देवताल गाउँपालिका, पिप्राढीगोठ, बारा

## फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा

## धोबीनी............

गरिएको छ । यसले नागरिकलाई आफ्नै गाउँमै गुणस्तरीय सेवा उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

युवा तथा महिला सशक्तिकरण

युवा र महिलालाई विकासको केन्द्रमा राख्दै सीपमूलक तालिम, उद्यमशीलता विकास र स्वरोजगारका अवसर सिर्जना गर्ने नीति अघि सारिएको छ । आर्थिक सशक्तिकरणमार्फत समाजलाई आत्मनिर्भर बनाउने दीर्घकालीन सोच प्रस्तुत गरिएको छ ।

वातावरण संरक्षण र सरसफाइ

स्वस्थ समाज निर्माणका लागि वातावरण संरक्षणलाई पनि प्राथमिकतामा राखिएको छ । हरियाली प्रवर्द्धन, व्यवस्थित फोहोर व्यवस्थापन तथा स्वच्छ खानेपानीको सुनिश्चिततामार्फत सफा र सभ्य गाउँ बनाउने लक्ष्य राखिएको छ ।

सुशासन र पारदर्शिता

योजनाको सबैभन्दा महत्वपूर्ण पक्ष सुशासन र पारदर्शिता रहेको उल्लेख गरिएको छ । बजेटको सही प्रयोग, भ्रष्टाचार नियन्त्रण र जनसहभागितामा आधारित शासन प्रणाली लागू गरिएमा विकास स्वतः सम्भव हुने धारणा सुदिल पटेलले व्यक्त गरेका छन् ।

निष्कर्ष

स्पष्ट योजना, इमानदार नेतृत्व र सक्रिय जनसहभागिता भएमा धोबीनी गाउँपालिका आगामी ५ वर्षमै समृद्ध, आत्मनिर्भर र उदाहरणीय स्थानीय तह बन्न सक्ने दाबी गरिएको छ । सुदिल पटेलले अघि सारेको यो विकास दृष्टिकोणले अब स्थानीय मात्र होइन, राष्ट्रिय स्तरमै बहस सिर्जना गर्ने संकेत देखिएको छ ।

## मधेश............

लापरबाही गर्ने कर्मचारीलाई तत्काल कारबाहीको दायरामा ल्याउन उनीहरूले प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् ।

गरिबलाई सुरक्षित घर दिने पवित्र उद्देश्यले ल्याइएको कार्यक्रममा यसरी लापरवाही हुनु अत्यन्तै दुःखद छ, अर्का स्थानीय निखिल कुमार सिंहले बताए । उनीहरूले निर्माण कार्य तुन्त रोकी गुणस्तरीय सामग्री प्रयोग गरेर मात्र पुनः काम अघि बढाउन चेतावनी दिएका छन् ।

यस घटनाले मधेश प्रदेशमा सञ्चालित विकास योजनाहरूको पारदर्शिता र अनुगमन प्रणालीमाथि पुनः गम्भीर प्रश्न खडा गरेको छ । मुख्यमन्त्री कार्यालयबाट सिधै अनुगमन हुने भनिएका यस्ता योजनाहरूमा जिल्ला तहका कार्यालयहरूको भूमिका फितलो देखिँदा प्रदेश सरकारकै प्रतिष्ठामा आँच पुग्ने देखिएको छ ।

स्थानीयले सरकारको ध्यान जाओस् गरिबको ज्यान बचोस् भन्दै सामाजिक सञ्जाल र विभिन्न माध्यमबाट विरोध जनाइरहेका छन् । प्रदेश सरकारले यस विषयमा कस्तो कदम चाल्छ, त्यो भने हेर्न बाँकी छ ।

## निजगढमा......

सहभागीहरूले विभिन्न समसामयिक मुद्दाहरू उठाएका थिए ।

कार्यक्रममा विशेषगरी लागूऔषध दुर्व्यसन, बैंकिङ कसुरसम्बन्धी मुद्दा, महिला तथा बालबालिकामाथि हुने हिंसा, घरेलु हिंसा, ट्राफिक दुर्घटना तथा सचेतना अभाव, साथै बढ्दो साइबर अपराधजस्ता विषयलाई गम्भीर समस्याका रूपमा औंल्याइएको थियो ।

सहभागीहरूले यस्ता समस्याको न्यूनीकरणका लागि प्रहरीले रणनीतिक तथा प्रभावकारी कदम चाल्नुपर्ने सुझाव दिएका थिए ।

त्यसैगरी, स्थानीय बासिन्दाहरूले आफ्नो भोगाइमा रहेका गुनासो, पिरमर्का तथा सुझावहरू प्रत्यक्ष रूपमा प्रहरी समक्ष राख्ने अवसर पाएका थिए । प्रहरी अधिकारीहरूले उठाइएका विषयप्रति सकारात्मक प्रतिक्रिया दिँदै समस्याको समाधानतर्फ प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रमको अन्त्यमा उपस्थित सम्पूर्ण सहभागीप्रति धन्यवाद ज्ञापन गर्दै करिब बिहान ९:५० बजे कार्यक्रम समापन गरिएको थियो ।

नागरिक र प्रहरीबीचको सम्बन्ध सुदृढ बनाउन तथा सुरक्षा व्यवस्थामा जनसहभागिता अभिवृद्धि गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने विश्वास गरिएको छ ।

## मधेसमा........

बेलबिच्वा र ब्रह्मपुरी नाकामार्फत नेपाल प्रवेश गराइने र त्यसपछि विभिन्न गोदाममा भण्डारण गरी पिकअप, अटो तथा ट्रकमार्फत काठमाडौं उपत्यकासहित बागमती र मधेस प्रदेशका विभिन्न जिल्लामा पठाइने गरेको स्रोतले जनाएको छ ।

स्थानीयवासीका अनुसार तस्करीमा संलग्न व्यक्तिहरूको पहुँच बलियो भएकाले नियन्त्रण प्रभावकारी हुन नसकेको आरोप लाग्ने गरेको छ । नाम नखुलाउने सर्तमा एक व्यक्तिले दैनिक रूपमा लाखौं रुपैयाँ बराबरको सामान बिना रोकटोक ओसारपसार हुने गरेको दाबी गरेका छन् ।

तस्करी नियन्त्रण तथा राजस्व संकलन वृद्धि गर्न गृह मन्त्रालयले पटक-पटक सशस्त्र प्रहरी बल नेपाल लाई निर्देशन दिए पनि कार्यान्वयनमा अपेक्षित प्रभाव देखिन नसकेको गुनासो बढ्दो छ । सीमावर्ती क्षेत्रमा खटिएका सुरक्षाकर्मीमाथि नै कर्तव्यप्रति गम्भीरता नदेखाएको आरोप समेत स्थानीयस्तरमा उठ्न थालेको छ ।

यद्यपि, सुरक्षा निकायले भने सीमामा निगरानी बढाइएको र तस्करी नियन्त्रणका लागि नियमित गस्ती तथा विशेष अभियान सञ्चालन भइरहेको जनाएको छ ।

तर स्थानीयवासी र सरोकारवालाहरूले अझ कडा अनुगमन, पारदर्शिता र जिम्मेवार भूमिका निर्वाह गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

समग्रमा, मधेस प्रदेशका सीमावर्ती जिल्लाहरूमा तस्करी नियन्त्रण अझै चुनौतीपूर्ण बनेको छ । प्रभावकारी समन्वय, कडा निगरानी र जिम्मेवार कार्यान्वयनबिना यस्तो अवैध गतिविधि नियन्त्रणमा ल्याउन कठिन हुने देखिन्छ ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# स्थानीय निर्वाचनमा रास्वपा केन्द्रिय सदस्य निर्वाचित क्षेत्रमा काम प्रगति शून्य, वैकल्पिक नेतृत्वतर्फ जनताको ध्यान

*बारा, ३० चैत*

बारा जिल्लाको फेटा गाउँपालिकामा निर्वाचित नेतृत्वबाट अपेक्षित विकास हुन नसकेको भन्दै स्थानीयवासीहरूले असन्तुष्टि व्यक्त गर्न थालेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग सम्बद्ध केन्द्रिय सदस्य समेत रहेका गाउँपालिका अध्यक्ष रूस्तम अन्सारीको कार्यकालमा विकास निर्माणका कामहरू सन्तोषजनक रूपमा अघि बढ्न नसकेको आरोप स्थानीय स्तरमा उठिरहेको छ।

स्थानीय तहको निर्वाचनका क्रममा ठूलो आशा र विश्वासका साथ अन्सारीलाई निर्वाचित गरिए पनि व्यवहारमा उल्लेखनीय परिवर्तन देखिन नसकेको स्थानीयहरूको भनाइ छ। सुरुमा विवेकशील पृष्ठभूमिबाट राजनीति सुरु गरेका अन्सारी पछि रास्वपामा आबद्ध भई केन्द्रिय सदस्यसम्म पुगेका हुन्। तर, पार्टीमा उनको उकासो भए पनि गाउँपालिकामा भने विकासको गति कमजोर रहेको आरोप लाग्दै आएको छ।

स्थानीयका अनुसार सडक, शिक्षा, स्वास्थ्य तथा आधारभूत पूर्वाधारका क्षेत्रमा अपेक्षित सुधार हुन सकेको छैन। कतिपय स्थानमा सामान्य सडक मर्मतसमेत नभएको, विद्यालयहरूको शैक्षिक अवस्था उस्तै रहेको र स्वास्थ्य संस्थाहरूमा आवश्यक सेवा अभाव देखिएको गुनासो उनीहरूले गरेका छन्। "निर्वाचनका बेला गरिएको वाचा कार्यान्वयन भएको देखिन्न," एक




स्थानीयवासीले बताए, "हामीले परिवर्तनको आशा गरेका थियौं, तर अवस्था उस्तै छ।"

यसैबीच, केही स्थानीयहरूले प्रतिनिधिसभा निर्वाचनमा देखिएको 'नयाँ अनुहार' र 'परिवर्तन'को नारालाई स्थानीय तहमा पनि प्रयोग गरी मतदातालाई प्रभावित पार्ने प्रयास भएको दाबी गरेका छन्। उनीहरूका अनुसार चर्चित स्वतन्त्र नेतृत्वको प्रभाव देखाएर मत तान्ने रणनीति अपनाइए पनि त्यसको प्रतिफल जनताले पाउन नसकेको गुनासो छ।

रूस्तम अन्सारी पटक-पटक विभिन्न विवादमा तानिएको आरोप पनि स्थानीय स्तरमा सुनिन्छ। केहीले उनलाई हालसम्मकै कमजोर प्रदर्शन गर्ने मेयरको रूपमा चित्रण गरेका छन्। २०७४ को स्थानीय तह निर्वाचनपछि विकल्पको खोजीमा रहेका मतदाताले नयाँ नेतृत्वको रूपमा अन्सारीलाई रोजे पनि अपेक्षाअनुसार परिणाम नआएको भन्दै निराशा बढ्दै गएको छ।

यता, वैकल्पिक नेतृत्वका रूपमा युवा नेता उमेश दुबेप्रति आकर्षण बढ्दै गएको स्थानीयहरू बताउँछन्। जनताको समस्या समाधानमा सक्रिय रूपमा संलग्न हुँदै आएका दुबेले सामाजिक तथा जनसेवामूलक कार्यमा निरन्तर सक्रियता देखाएको उनीहरूको भनाइ छ। "जहाँ जनप्रतिनिधि पुग्दैनन्, त्यहाँ दुबे पुगे," एक स्थानीयले भने, "त्यसैले उनको लोकप्रियता बढ्दो छ।" समग्रमा, फेटा गाउँपालिकामा विकासको सुस्त गतिले जनआक्रोश बढाउँदै लगेको छ। स्थानीय तहमा अब दलभन्दा पनि परिणाममुखी र जिम्मेवार नेतृत्व आवश्यक रहेको आवाज बलियो बन्दै गएको छ। आगामी दिनमा नेतृत्वले काममार्फत विश्वास जित्न नसके जनताको विकल्प खोज्ने प्रवृत्ति अझ तीव्र हुने देखिन्छ।

# प्रसौनी-२ मा श्री बेङ्गा साह मावि तथा पुस्तकालय भवनको शिलान्यास : नेपाल-भारत सहकार्यबाट शिक्षा विकासमा टेवा

*बारा, ३० चैत*

नेपाल-भारत विकास सहयोग कार्यक्रम अन्तर्गत बारा जिल्लाको प्रसौनी गाउँपालिका वडा नं. २ मा अवस्थित श्री बेङ्गा साह माध्यमिक विद्यालय तथा पुस्तकालय भवनको एक औपचारिक समारोहबीच शिलान्यास गरिएको छ। वि.सं. २००५ सालमा स्थापना भएको उक्त विद्यालयको भौतिक संरचना सुदृढीकरणका लागि निर्माण हुन लागेको नयाँ भवनलाई शिक्षा क्षेत्रको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

शिलान्यास कार्यक्रमका प्रमुख अतिथि डीएस मीना (भारतीय महावाणिज्य दूतावास, वीरगञ्जका कन्सुलेट जनरल) ले भवनको शिलान्यास गर्दै नेपाल-भारतबीचको सहकार्यले विशेषगरी शिक्षा क्षेत्रमा सकारात्मक र दीर्घकालीन योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। उनले यस्ता पूर्वाधार विकासका परियोजनाहरूले स्थानीय समुदायको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

कार्यक्रममा बोल्दै स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरूले विद्यालय तथा पुस्तकालय भवन निर्माणपछि शिक्षाको गुणस्तरमा उल्लेखनीय सुधार आउने र विद्यार्थीहरूलाई आधुनिक तथा सहज शैक्षिक वातावरण उपलब्ध हुने अपेक्षा व्यक्त गरेका छन्। उनीहरूले यस



परियोजनाले क्षेत्रीय शिक्षा विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास समेत व्यक्त गरे।

विद्यालयका प्रधानाध्यापक मनोज कुमार साहका अनुसार हाल उक्त विद्यालयमा कक्षा १२ सम्म अध्ययन हुने व्यवस्था रहेको छ भने कम्प्युटर साइन्स विषयको समेत अध्यापन हुँदै आएको छ। विद्यालयमा हाल ६८ जना शिक्षक कार्यरत रहेका छन् भने २ हजार ४ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेका छन्, जसले विद्यालयको व्यापकता र महत्वलाई झल्काउँछ।

प्रसौनी गाउँपालिका अध्यक्ष विनोद जैसवाल को अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिका उपाध्यक्ष किरण साह, प्रमुख प्रशासकीय अधिकृत नवीन श्रीवास्तव, लेखा प्रमुख प्रेम बाबु प्रसाद, शिक्षा शाखा प्रमुख सन्तोष रौनियार, प्रहरी निरीक्षक टुकेन्द्र श्रेष्ठ लगायतका जनप्रतिनिधि तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

त्यसैगरी वडा अध्यक्षहरू लालबाबु मुखिया, हृदय प्रसाद तेली, सन्तोष साह, सत्यनारायण पण्डित, इस्लाम मियाँ, बृजकिशोर कुशवाहा, याकुब मियाँ, हिरालाल साह, विजय जयसवाल, मनोज कुमार, अनवर आलम अन्सारी, पवन अग्रवाल, बृजकिशोर साह, जिन्सी शाखा प्रमुख लक्ष्मी प्रसाद कलवार तथा नेपाल पत्रकार महासंघ मधेस प्रदेश सदस्य साजिर मन्सूरलगायतको उपस्थिति रहेको थियो।

रविन्द्र गिरिले सञ्चालन गरेको कार्यक्रममा विद्यालयकी निरु चौधरीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन्। समग्रमा, नेपाल-भारत सहकार्यमा निर्माण हुन लागेको यो विद्यालय तथा पुस्तकालय भवनले प्रसौनी क्षेत्रको शैक्षिक पूर्वाधार सुदृढ गर्दै गुणस्तरीय शिक्षामा पहुँच विस्तार गर्ने विश्वास लिइएको छ।

# पर्सामा १४ किलोभन्दा बढी गाँजासहित किशोर पक्राउ : बिक्री वितरणमा संलग्न रहेको आरोप

*शु.आ. सम्बाददाता*
*वीरगंज, ३० चैत*

पर्सा जिल्लामा प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजासहित एक किशोरलाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विशेष सूचनाको आधारमा गरिएको कारबाहीमा वीरगञ्ज महानगरपालिका वडा नं. १६ नगवा फुलवारी टोलबाट उक्त परिमाणको गाँजा बरामद गरिएको हो। प्राप्त सूचनाअनुसार स्थानीय शेष मखु मियाँको घरबाट स-साना पोका बनाएर युवाहरूलाई गाँजा बिक्री भइरहेको जानकारीपछि वडा प्रहरी कार्यालय बिर्ताबाट खटिएको प्रहरी टोलीले सो स्थानमा खानतलासी गरेको थियो। तलासीका क्रममा रातो र कालो प्लास्टिकमा प्याक गरिएका गाँजाका पोका फेला परेका थिए। प्रहरीका अनुसार बरामद गरिएको गाँजाको कुल तौल १४ किलो २ सय २६ ग्राम (प्लास्टिक बाहेक) रहेको छ। सोही स्थानबाट लागूऔषध बिक्री वितरणमा संलग्न रहेको



आरोपमा अन्दाजी १५/१६ वर्षका एक किशोरलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी हरि बहादुर बस्नेत (प्रहरी नायब उपरीक्षक) का अनुसार पक्राउ परेका किशोरमाथि लागूऔषध सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान अघि बढाइएको छ।

प्रहरीले लागूऔषध कारोबार नियन्त्रणका लागि विशेष निगरानी तथा अभियान सञ्चालन गरिरहेको जनाउँदै यस्ता गतिविधिमा संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याइने स्पष्ट पारेको छ। साथै समुदायलाई समेत सचेत रहन र शंकास्पद गतिविधिबारे जानकारी दिन आग्रह गरिएको छ।

# वीरगंजमा प्रहरी जवानको हत्या : धारिलो हतियार प्रहार, ४ जना पक्राउ

*शु.आ. सम्बाददाता*
*वीरगंज, ३० चैत*

पर्साको वीरगंज महानगरपालिका-९ श्रीपुरस्थित भारतीय राजदूतावास पछाडि एक युवकको धारिलो हतियार प्रहार गरी हत्या गरिएको घटनाले क्षेत्रलाई स्तब्ध बनाएको छ। हत्या हुनेमा पर्साको कालिकामाई गाउँपालिका-१ मुडली निवासी २८ वर्षीय विकास चौरसिया रहेका छन्, जो नेपाल प्रहरीमा कार्यरत बहालवाला प्रहरी जवान थिए।

प्राप्त जानकारीअनुसार चौरसिया हाल वीरगंजको मुर्ली क्षेत्रमा डेरा गरी बस्दै आएका थिए। उनी १० दिनको बिदामा घर आएका बेला उक्त घटना घटेको बताइएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी हरि बहादुर बस्नेत का अनुसार वीरगञ्ज-९ स्थित फिरोजा मियाको घरमा एक व्यक्ति गम्भीर घाइते अवस्थामा रहेको सूचना प्राप्त हुनासाथ प्रहरी टोली तत्काल घटनास्थल पुगेको थियो। घटनास्थलमा पुग्दा चौरसियाको शरीरका विभिन्न भागमा धारिलो




हतियार प्रहार गरिएको र अत्यधिक रक्तश्राव भइरहेको अवस्थामा फेला पारिएको थियो। गम्भीर अवस्थामा रहेका उनलाई तत्काल उपचारका लागि नारायणी अस्पताल पुऱ्याइएको भए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। घटनामा संलग्न भएको आशंकामा प्रहरीले एक महिलासहित चार जनालाई नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेहरूमा रौतहटका २६ वर्षीय सन्तोष साह, २४ वर्षीया सोनी साह, बाराका १९ वर्षीय विशाल साह तथा १९ वर्षीय भारतीय नागरिक कन्हैया कुमार रहेका छन्।

प्रहरीले घटनाको प्रकृति, आपसी सम्बन्ध र हत्याको कारणबारे गम्भीरतापूर्वक अनुसन्धान अगाडि बढाएको जनाएको छ। प्रारम्भिक अनुसन्धानबाट घटनामा योजनाबद्ध संलग्नता हुन सक्ने आशंका गरिएको छ भने विस्तृत विवरण अनुसन्धानपछि सार्वजनिक गरिने प्रहरीले जनाएको छ।

यस घटनाले वीरगञ्ज क्षेत्रमा सुरक्षा चिन्ता बढाएको छ भने स्थानीयवासीले दोषीलाई कडा कारबाही गर्न माग गरेका छन्।

# निजगढमा 'नागरिक सुनुवाइ' कार्यक्रम सम्पन्न : लागूऔषध, हिंसा र साइबर अपराध नियन्त्रणमा जोड

*शु.आ. सम्बाददाता*
*बारा, ३० चैत*

बारा जिल्लाको निजगढ नगरपालिका वडा नं. ९ स्थित गौरीशंकर क्याम्पसको सभाहलमा सोमबार बिहान 'नागरिक सुनुवाइ' कार्यक्रम सम्पन्न भएको छ। जिल्ला प्रहरी कार्यालय बाराको आयोजनामा भएको उक्त कार्यक्रममा सुरक्षा अवस्था, सामाजिक समस्या र जनगुनासोबारे खुला छलफल गरिएको थियो।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, प्रहरी नायब उपरीक्षक विजयराज पण्डित, सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन बेस निजगढका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक मुरारी अधिकारी, जिल्ला ट्राफिक प्रहरी




कार्यालय बाराका प्रमुख प्रहरी निरीक्षक दीपक केसी तथा इलाका प्रहरी कार्यालय निजगढका प्रमुख प्रहरी निरीक्षक जीवन लामिछाने लगायतको उपस्थिति रहेको थियो।

स्थानीय जनप्रतिनिधि, होटल व्यवसायी संघका प्रतिनिधि, महिला अधिकारकर्मी, निजगढ क्षेत्रका युवाहरू (जेन्जी), सञ्चारकर्मी तथा नागरिक समाजका अगुवाहरू सहित करिब ८० जनाको सहभागिता रहेको कार्यक्रममा

*बाँकी तेस्रो पृष्ठमा*

# मधेसमा तस्करी नियन्त्रण चुनौतीपूर्ण : घुमुवा फिर्ता भए पनि अवैध कारोबार रोकिएन

*रौतहट, ३० चैत*

मधेस प्रदेशका विभिन्न जिल्लामा तस्करी नियन्त्रणका लागि सुरक्षा निकायले चालिरहेका प्रयासका बाबजुद अवैध कारोबार अझै नियन्त्रणमा आउन सकेको छैन। पछिल्लो समय सुरक्षा निकायअन्तर्गत परिचालन गरिएका 'घुमुवा'हरू हेडक्वार्टर फिर्ता बोलाइएपछि पनि तस्करी गतिविधि घट्नुको साटो केही क्षेत्रमा झनै बढेको स्थानीयवासीको गुनासो रहेको छ।

विशेषगरी रौतहट जिल्लामा तस्करी वर्षौंदेखि संगठित रूपमा सञ्चालन हुँदै आएको आरोप सार्वजनिक हुँदै आएको छ। स्थानीय स्रोतका अनुसार




जिल्लाका विभिन्न नाकामध्ये महादेवपट्टि नाका तस्करीको मुख्य मार्गका रूपमा प्रयोग हुँदै आएको छ। उक्त नाकाबाट दैनिक रूपमा भारततर्फबाट कपडा, खाद्यान्न, किराना सामग्री, चिनी तथा कुखुरालगायतका वस्तुहरू अवैध रूपमा नेपाल भित्रिने गरेको बताइन्छ। भारतको बिहार राज्यस्थित वैरगनिया क्षेत्रबाट सामान ल्याई गौर नगरपालिका आसपासका महादेवपट्टि,

*बाँकी तेस्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौं। - बृन्दाबन नगरपालिका